## जलदेवी सामुदायिक वन उपभोक्ता समूह

### कावासोती न.पा. १ बालुवाडाँडा, नवलपरासी (ब.सु.पू.)

### काठ बोलपत्रद्वारा लिलाम बिक्रीको विस्तृत सूचना

(सौर्य दैनिक पत्रिकामा प्रथम पटक सूचना प्रकाशन मिति २०८१।१२।०६)

पृथ्वि लाल सुनारी मगर
अध्यक्ष

यस सामुदायिक वन उपभोक्ता समूहले आ.व. ०८१/०८२ मा संकलन गरी घाटगद्दीमा विभिन्न लटमा विभाजित गरि राखेको निम्न परिमाणको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत /अद्यावधिक भइ प्रचलित कानून बमोजिम काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने गरी दर्ता भएका उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औ दिन कार्यालय समय भित्र डिभिजन वन कार्यालय, नवलपुर तथा सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा कावासोती-१ बालुवाडाँडामा शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ।

**तपसिल:**

**१. लिलाम बिक्रि हुने वन पैदावारको विवरण:**

| लट नं. | प्रजाति | ग्रेड | किसिम | थान | परिमाण (घ.फि.) | गोलियामा परिणत गर्दा (घ.फि.) | न्यूनतम मुल्य (प्रति एकाइ रु) | मुल्याङ्कन रकम रु | संकलन खर्च रु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | साल | ए | चिरान | ४२१ | ४६७.५१ | ६५४.५१ | १२५०. | ८१८१४२.५० | प्रति क्यू.फिट रु ६००।- लाग्नेछ | |

**२) बोलपत्र खरिद र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय:**

क) बोलपत्र खरिद गर्ने अन्तिम मिति : २०८१।१२।२६ गते, कार्यालय समय सम्म।

ख) बोलपत्र दाखिला गर्ने अन्तिम मिति :२०८१।१२।२७ गते, कार्यालय समय सम्म।

ग) बोलपत्र खरिद गर्ने अन्तिम दिन तथा दाखिला गर्ने दिन बिदा परे सो को भोलीपल्ट खरिद र दाखिला गर्न सकिनेछ।

३) बोलपत्र साथ धरौटी वापत कबोल अङ्कको १०% ले हुन आउने रकम यस सामुदायिक वन उपभोक्ता समूहको ग्लोवल आइ एम इ बैंक लिमिटेड, कावासोती शाखामा रहेको खाता नं. 05201010007412 (चेकमा भएको नाम JALDEVI SAMUDAYIK BAN UPABHOKTA SAMUHA KAWASOTI NA.PA. WARD NO. 1) मा नगद जम्मा गरेको सक्कलै भौचर वा यस समूहको नाममा खिचिएको बैंक ड्राफ्ट वा कम्तिमा छ महिना अवधिको बैक जमानत पत्र समावेश हुनुपर्नेछ। नगद धरौटी र ड्राफ्टलाई मान्यता दिइने छैन।

४) बोलपत्रको लागि रु. १,०००।–(पछि फिर्ता नहुने गरी) तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय तथा डिभिजन वन कार्यालय, नवलपुरबाट समेत खरिद गर्न सकिनेछ।

५) लिलाम बढाबढ हुने वन पैदावार कार्यालय समय खुलेको समय भित्र यस सामुदायिक वन उपभोक्ता समूहको घाटगद्दी स्थानमा गई हेर्न सकिनेछ।

६) लिलाम प्रक्रियामा भाग लिन इच्छुक उद्योगले प्रोपाइटरहरुको नागरिकताको प्रमाणपत्र, फर्म दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता वा स्थायी लेखा नम्बर प्रमाणपत्र, वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत/अद्यावधिक भएको प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी बोलपत्रसाथ अनिवार्य पेश गर्नु पर्नेछ। नागरिकता बाहेकका कागजातहरु नियमानुसार नवीकरण भएको हुनु पर्नेछ।

७) निर्धारित गरिएको न्यूनतम संख्या र रितपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८१।१२।२९ गते दिनको ३:०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ। सो दिन बिदा परे सो को भोलिपल्ट खोलिनेछ।

समेत छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।

९) बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नु पर्नेछ। अङ्क र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।

१०) बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहको कार्य समितिमा निहित रहनेछ।